# स्थानीय राजपत्र

पाँचखाल नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९)   (सङ्ख्या ३   साउन १ गते, २०८२ साल

## भाग २

## पाँचखाल नगरपालिका

पाँचखाल नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८२ सालको कार्यविधी नं. १

**<u>पाँचखाल नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२</u>**

**प्रस्तावना : पाँचखाल नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५** लाई संशोधन गर्न बाञ्छनीय भएकाले, **पाँचखाल नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को** दफा १० ले दिएको अधिकार प्रयोग गरी पाँचखाल नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छः

1.**संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधिको नाम **"पाँचखाल नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ "** रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

३. **मूल कार्यविधिमा लखित परीक्षा सम्बन्धी व्यवस्था थप गरिएको** : "मुल कार्यविधिको **दफा ४ को उपदफा (३) (क) मा लिखित परीक्षा सम्बन्धी व्यवस्था थप गरिएको छ ।"**

४. **मूल कार्यविधिको दफा ४ को उपदफा (३) (क), (ख), (ग), (घ)** लाई संशोधन गरि खण्ड **(ङ)** थप गरिएको छ । ऐ दफामा **उपदफा ५ थप गरि उमेर हद कायम गरिएको छः**

क. “लिखित परीक्षा बापतः ५० अंक,”

ख. शैक्षिक योग्यता बापत १२ अंक - “न्युनतम शैक्षिक योग्यता बापतः १० अंक,” “माथिल्लो शैक्षिक योग्यता बापत अंक २,” “न्युनतम शैक्षिक योग्यता बापत (विशिष्ट श्रेणी) अंक १०,” “प्रथम श्रेणी बापत अंक ८,” “द्वितिय श्रेणी बापत अंक ६,” “तृतीय श्रेणी बापत अंक ५” ग्रेडिङ प्रणालीको हकमा “जि.पि.ए ३.८-४.० बापत १०,” “जि.पि.ए ३.०-३.८ बापत ८,” “जि.पि.ए २.५-३.० बापत ६” र “२.५ भन्दा कम बापत ५”

ग. कार्य अनुभव बापत १०(दश) अंक, सरकारी निकायमा कम्तिमा १ वर्ष कार्य अनुभव भएका उम्मेदवारलाई मात्र अनुभव बापत अंक प्रदान गरिनेछ । (प्रति वर्ष २ अंकको दरले ५ वर्ष सम्मको अंक प्रदान गरिने । अनुभवको प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने ) ।

| | |
|---|---|
| घ. स्थानीयता बापत | -८ अंक |
| १. पाँचखाल नगरपालिकाको स्थायी बासिन्दा भएमा | - ८ अंक |
| २. काभ्रेपलाञ्चोक जिल्लाको स्थायी बासिन्दा भएमा | - ४अंक |
| ३. बाग्मती प्रदेशको स्थायी बासिन्दा भएमा | - २ अंक |
| ४.अन्य क्षेत्रको बासिन्दा भएमा | -१ अंक |
| ङ. अन्तरवार्ता | - २० अंक |

(५)उम्मेदवार हुनको लागि योग्यताः

क. सहायक स्तर र श्रेणीबिहीन पदको लागि १८ वर्ष पुरा भएका ।

ख. अधिकृत स्तर पदको लागि २१ वर्ष पुरा भएका ।

ग. पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेका ।

५. **मूल कार्यविधिको दफा ५ को छनोट तथा सिफारीस समितिलाई उपदफा १ बनाई खण्ड “घ” र उपदफा २ थप गरिएको छः**

**घ. विषय विज्ञ - सदस्य**

**२. लिखित तथा अन्तरवार्ता परीक्षाको प्रकार, तरिका र संचालन सम्बन्धी व्यवस्था दफा ५ बमोजिम गठन भएको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।**

आज्ञाले,

पुरुषोत्तम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८२/०३/२४